मिति २०७७ असार ३१ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु:

१. आर्थिक व्यवस्थापन प्रणालीलाई चुस्त दुरुस्त बनाउन विभागीय मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको स्थानीय संचित कोष ब्यवस्थापन प्रणाली (SuTRA) यस नगरपालिकामा अनिवार्य लागु गरिएकोमा हाले विजुली बत्तीको समस्या, आज करिव ४ घण्टा सम्म सफ्टवेयरमा आएको कमजोरी (Server Down) का कारण मिति २०७७ असार ३१ गते योजना तथा सम्बन्धित शाखाबाट आर्थिक प्रशासन शाखामा प्राप्त भईसकेका कार्य सम्पन्न फाईलहरुको पनि सो प्रणालीबाट भुक्तानी गर्न कठिन हुने देखिएकोले साविकको जस्तो हाते प्रणाली (Manual) बाट समेत भौचर उठाई चेक काटी आजै भुक्तानी गर्ने र लेखांकन गर्ने गरी कार्यालयलाई निर्देशन गर्ने ।

२. यस नगरपालिकाको कोरोना रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा देहायबमोजिम निर्णय गरियो:

क) हालसम्म पूर्व सावधानी गृह व्यवस्थापनमा अहोरात्र खटिने लेखा अधिकृत हरिबहादुर क्षेत्री संयोजक रहेको टोलीलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने ।

ख) अब उपरान्त आईसोलेसन, सम्पर्क पहिचान (Contact Tracing), उपचार लगायतमा कोभिड १९ ब्यवस्थापन गर्न स्पष्ट कार्यसूची (TOR) दिई जनस्वास्थ्य शाखा प्रमुख श्री परशुराम खड्काको संयोजकत्वमा बढिमा १० जना सदस्य रहेको आईसोलेसन व्यवस्थापन समिति गठन गर्ने ।

ग) २०७७ श्रावणदेखि आईसोलेसन ब्यवस्थापन गर्दा संघीय सरकार तथा प्रदेश सरकारबाट जारी कार्यविधिको प्रतिकूल नहुने गरी सम्बन्धित वडाका जनप्रतिनिधी सहितको स्थलगत अनुगमन टोलीले घरको अनुगमन गरी होम आईसोलेशनमा राख्ने गरी प्राथमिकता दिने । होम आईसोलेशन ब्यवस्था हुन नसक्ने ब्यक्तिहरुलाई पेईङ् आईसोलेशन, नगरपालिकाले तयार गरेको आईसोलेशन वा प्रदेश अस्पतालको आईसोलेशनमा राख्ने ब्यवस्था मिलाउने ।

घ) आईसोलेशनमा बस्नुपर्ने संक्रमितहरुले आफ्नोलागि आवश्यक पर्ने लत्ता कपडा, ब्यक्तिगत प्रयोगका सामग्री तथा खानाको ब्यवस्था स्वयंले गर्नुपर्ने। यस्तो कार्यमा नगरपालिकाले आवश्यक सहयोग गर्ने ।

ङ) प्ररकरण घ बमोजिम आफ्नो ब्यवस्थापन खर्च गर्न नसक्ने भनी परीक्षणको क्रममा फारममा उल्लेख गरेका विपन्न व्यक्तिहरुको हकमा सम्वन्धित वडाको सिफारिसमा त्यस्तो खर्च नगरपालिकाले गर्ने ।

च) पोलिमरेज चेन रियाक्शन (PCR) को लागि स्वाब संकलनको क्रममा नै टेष्ट गरिने ब्यक्तिको विस्तृत विवरण सहितको फारम भरेर निजलाई टेष्ट पश्चात नतिजा नआउन्जेल सम्म स्वयं आईसोलेशनमा बस्ने र रिपोर्ट पोजेटिभ आएको खण्डमा समेत अनिवार्य नगरपालिकाको नियमानुसार आईसोलेशनमा बस्ने कबुलियत गराउने ।

छ) पेईङ् आईसोलेशनको हकमा नगरपालिकाले कुनै होटेल वा निश्चित स्थान तोकिदिने र सम्पूर्ण खर्च संक्रमित स्वयंले ब्यहोर्नुपर्ने ।

ज) नेपाल सरकारको मापदण्ड अनुसार १४ दिन आईसोलेशनमा राखेर पनि कुनै लक्षण नदेखिएका संक्रमितहरुलाई होम आईसोलेशनमा पठाउने ।

३. नगरपालिकाको आगामी आर्थिक वर्ष २०७७/७८ को लागि जिल्ला दररेट बमोजिमको दररेटलाई नगर दररेट निर्धारण गरी कार्यान्वयन गर्ने ।

४. जनप्रतिनिधीहरुले सम्पति विवरण पेश गर्नुपर्ने, एम्बुलेन्स संचालन सम्बन्धमा, कुनै वडाहरुमा सरकारी खाता खोलिएको भए त्यस्तो रकम संचित कोषमा तत्काल फिर्ता गर्नुपर्ने, जनप्रतिनिधीको सेवा सुविधा सम्बन्धी प्रदेश सभाबाट स्वीकृत ऐन, विद्यालय नर्सिङको पदस्थापना लगायतका आर्थिक र प्रशासनिक विषयहरुमा कार्यपालिकामा बैठकका सचिवबाट जानकारी भयो ।

Scanned with CamScanner